स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :१ संख्या :१२ मितिः २०७५/०९/१२

भाग-२

हुप्सेकोट गाउँपालिका

हुप्सेकोट गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धि कार्यविधि, २०७५ प्रमाणिकरण मितिः २०७५/०९/११

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२)(प)(७) वमोजिम हुप्सेकोट गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोत साधनको संरक्षण गर्नु यस गाउँपालिकाको कर्तव्य रहेको छ । त्यस्ता पदार्थहरुको उत्खनन् तथा निकासी बिक्री वितरण गर्ने र निकासी कर लगाउने कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत भैसके पछि उक्त प्रतिवेदनले निर्धारित गरेका शर्त वमोजिम नदीजन्य पदार्थहरुको व्यवस्थापन गर्नुपर्ने हुन्छ । नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा,) को उत्खनन् तथा संकलन गर्ने काम र सो को प्रशोधन तथा बिक्री वितरण गर्ने कामलाई पृथक (Unbounding) गरी उत्खनन् तथा संकलन गरेको रोडा, ढुङ्गा, गिट्टी, बालुवा, घाटगद्दी गरी ईजाजत दिदा तोकिएको शर्त र परिणाम वमोजिम संकलन भए नभएको एकिन गराए पछि मात्र प्रशोधनकर्ता वा संस्था वा व्यक्तिले खरिद गर्ने सम्बन्धि कार्यको व्यवस्थापन गर्नुपर्ने भएकोले मिति २०७५/०९/११ मा हुप्सेकोट गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको सहज आपुर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थको चोरी उत्खनन् तथा निकासीलाई निरुत्साहित गर्न र IEE स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन्रसंकलन वितरण तथा ओसार पसरा गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कानुनी व्यवस्था अनुसार नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र वितरण सम्बन्धि साविक व्यवस्थालाई थप प्रभावकारी बनाई लागु गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम 'हुप्सेकोट गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धि कार्यविधि, २०७५' रहेको छ ।

१.२ यो कार्यविधि हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाले स्वीकृत गरेका मिति देखि लागु हुने छ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ कार्यविधि भन्नाले हुप्सेकोट गाउँपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धि कार्यविधि २०७५ रहेको छ ।

२.२ मन्त्रालय भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा गण्डकी प्रदेश उद्योग पर्यटन,वन तथा वातावरण मन्त्रालय समेतलाई जनाउने छ ।

२.३ अनुगमन समिति भन्नाले गण्डकी प्रदेश उद्योग पर्यटन,वन तथा वातावरण मन्त्रालयको सचिवको संयोजकत्वमा रहेको प्रादेशिक अनुगमन समिति, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समिति तथा समय समयमा खटिने अनुसूची-६ वमोजिमको गाँउपालिकास्तरीय अनुगमन समितिलाई बुझ्नु पर्नेछ लाई जनाउने छ ।

२.४ कार्यदल भन्नाले गाउँपालिका प्रमुखको अध्यक्षतामा रहेको अनुसूची-५ वमोजिमको कार्यदललाई जनाउने छ ।

२.५ जिसस भन्नाले जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) लाई जनाउने छ ।

२.६ गाउँपालिका भन्नाले हुप्सेकोट गाउँपालिका, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) लाई जनाउने छ ।

२.७ नदीजन्य पदार्थ भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी बगर क्षेत्रबाट उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट, पाँगो, भष्कट र माटो समेतलाई जनाउने छ ।

२.८ IEE भन्नाले नदीजन्य पदार्थ उत्खनन् तथा ओसार पसार गर्ने प्रयोजनको लागि मन्त्रालयद्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परिक्षण) प्रतिवेदनलाई जनाउने छ ।

२.९ घाटगद्दी भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गरेर ल्याई राख्ने स्थल वा यस कार्यविधिको दफा ६.१ र ६.२ मा उल्लेखित गरिएको उत्खनन् स्थल समेतलाई जनाउने छ ।

३. कार्यविधिको आवश्यकताः हुप्सेकोट गाउँपालिकामा आर्थिक तथा वातावरणीय दृष्टिकोण नदीजन्य पदार्थ निकाल्न निषेध गरेको क्षेत्र, वन क्षेत्र, चुरे संरक्षण क्षेत्र रहेको र उक्त क्षेत्रबाट नदीजन्य पदार्थ चोरी निकासी हुन सक्ने प्रवल सम्भावना रहेकोले सो क्षेत्रको संरक्षण गरी अवैध उत्खनन् नियन्त्रण गर्न आवश्यक रहेको छ । अर्को तर्फ गाउँपालिकामा ठुला विकास आयोजनाहरु, नियमित सार्वजनिक विकास निर्माण कार्य र निजी निर्माण कार्य समेत तिब्र गतिमा अगाडी बढेको छ । यस अवस्थामा एकातर्फ निषेधित क्षेत्रको संरक्षण गर्नु परेको र अर्को तर्फ बजारमा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपुर्ति गर्न र नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएकोले यो कार्यविधि स्वीकृत गरि लागु यरिएको हो ।

४. कार्यविधिको उद्देश्यः यो कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेको छ ।

४.१ नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन तथा ओसार पसार गर्दा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

४.२ नदी क्षेत्र र ओसार पसार गरिने मार्ग वरीपरीको वातावरण संरक्षण गर्ने ।

४.३ नदीजन्य पदार्थको अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको सहज आपुर्ति गर्ने प्रबन्ध मिलाउने ।

४.६ सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

५. कार्यविधिको क्षेत्रः यो कार्यविधि हुप्सेकोट गाउँपालिका क्षेत्रका निम्न क्षेत्र भित्र मात्र लागु हुने छ ।

५.१ गाउँपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन

र बिक्री वितरण गर्न IEE प्रतिवेदनले स्वीकृत गरेका क्षेत्रहरु ।

५.२ गाउँपालिका क्षेत्र भित्रका रहेका अन्य नदी तथा खहरेहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन बिक्री वितरण गर्न स्वीकृत IEE प्रतिवेदनले उल्लेख गरेका क्षेत्रहरु ।

५.३ गाउँपालिका क्षेत्र भित्रका रहेका वन क्षेत्र भित्र रहेका नदी प्रणालीहरुबाट जिल्ला वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न सम्बन्धित निकायद्वारा स्वीकृत IEE प्रतिवेदनले स्वीकृत गरेको क्षेत्र ।

५.४ गाउँपालिका भित्र रहेका नदी, खहरेमा नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवश्यक स्थलहरु ।

५.५ गाउँपालिका क्षेत्र भित्र रहेको विभिन्न निजी जग्गाधनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन् गरी हटाउन माग गरेको अवस्थामा सम्बन्धित वडाको वडा सदस्यको रोहवरमा नीजि जग्गाको साँध सधियारको समेत उपस्थितिमा वातावरणिय असर प्रभावको मूल्याङ्कन गरि वडा कार्यालयको सिफारिसमा सो माग गरेको क्षेत्र र परिमाण भित्र।

५.६ गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न सरकारी सार्वजनिक जग्गा उत्खनन् गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन् गरिने क्षेत्र र परिमाण भित्र ।

५.७ गाउँपालिका क्षेत्र भित्रका कृषकले निजी जग्गालाई खेती योग्य बनाउदा, माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने नदीजन्य पदार्थ उत्खनन् गरी उक्त स्थलबाट हटाई व्यवसायीक प्रयोजनका लागि अन्य स्थानीय तहमा ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

६. उत्खनन् विधिः यस कार्यविधि वमोजिम उत्खनन् गर्दा उत्खनन् कर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयम्) देहाय शर्त तथा मापदण्ड पालना गर्नु पर्ने छ ।

६.१ नदीजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित गाउँपालिका प्रतिनिधी, जनप्रतिनिधी र स्थानीय बासिन्दा समेतको रोहवरमा IEE प्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन् गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

६.२ उत्खनन् पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरे पछि मात्र सो घाटबाट उत्खनन् कार्यको थालनी गर्ने । यसरी गरिएको सिमा भित्रबाट मात्र उत्खनन् कर्ताले नदीजन्य पदार्थ उत्खनन् गरी लैजान सक्ने ।

६.३ गाउँपालिकाले यस कार्यविधि वमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा

ओसार पसार गर्न अनुमति दिदा कुनै एक स्थललाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

६.४ नदीजन्य पदार्थ उत्खनन् गर्दा गाउँपालिकाबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने गरी भारी यान्त्रिक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।

६.५ उत्खनन् गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेख भएको हकमा सोही वमोजिम र अन्यको हकमा गाउँपालिकाको निर्णय वमोजिम गर्ने ।

६.६ नदीजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन् गर्न नपाउने गरी नियमित अनुगमन गर्ने ।

६.७ उत्खनन् स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण गाउँपालिकाको सहमतिका आधारमा गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधिको अनुसूची १ वमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन् गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन् परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेख निरन्तर अनुगमन गर्ने ।

६.८ परिमाण नियन्त्रणका लागि दैनिक पटके उत्खनन् अभिलेख खाता अनुसूची-२ वमोजिमको ढाँचामा उत्खनन् स्थलमा राख्ने ।

६.९ उत्खनन् गरी सके पछि छनौट गरी छाडिएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगी छाड्नु पर्ने छ । उत्खनन् गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नुपर्ने छ । नदीको पानीको मौजुदा (Existing) वहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन । तर नापी नक्शा वमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा कार्यदलको निर्णयानुसार नदीलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

६.१० उत्खनन् कार्यमा खटिने व्यवसायीले IEE का शर्तका अलावा ठेक्का शर्त र गाउँपालिकाले बेला बेलामा दिएको निर्देशन पालना गर्नु पर्ने छ ।

६.११ उत्खनन् गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्ने । कुनै संरचनाको निर्माण स्थल वाहेक उत्खनन् स्थल वरिपरीको ३ कि.मी. क्षेत्र भित्र उत्खनन् गरिएको नदीजन्य पदार्थ हाते प्रविधिबाट प्रशोधन गर्न निषेध गर्ने ।

६.१२ उत्खनन् गर्दा पानीको सहत भन्दा १५ सेन्टीमिटर माथि छाड्नु पर्ने छ । उत्खनन् सम्बन्धि IEE का सबै शर्त पालना गर्नु पर्ने छ ।

६.१३ उत्खनन् स्थलमा अनुमति प्राप्त तोकिए वमोजिमका ढुवानी साधन वाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

६.१४ उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि शौचालयको निर्माण गरी मल मुत्र त्याग गर्न निषेध गर्ने ।

६.१५ उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरी उत्खनन् गरिने परिमाण, चौकिल्ला, उत्खनन् विधि र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लगायतका कुराहरु अनुसूची ३ वमोजिमको ढाँचामा जानकारी मुलक सूचना बोर्ड तयार गरी राख्ने ।

७. नदीजन्य पदार्थको ओसार पसार गर्ने विधिः नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय वमोजिम गर्नु पर्ने छ ।

७.१ नदी प्रवेश आदेश लिई उत्खनन् गरिने घाटमा प्रवेश गरी उत्खनन् गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधी भर नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्ने छ ।

७.२ नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनु पर्ने छ । पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं., ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार आदी) अनुसूची-४ वमोजिम हुनेछ ।

७.३ नदीजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ८ बजे देखि साँझ ६ बजे सम्म मात्र कायम गर्ने ।

७.४ नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घ.फु. सम्मको ट्रक/टिपर मात्रको प्रयोग गर्न दिने सो को अनुगमन नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

७.५ नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी सवारीले अवधी भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सो को अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

७.६ नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन ।

७.७ मुल बाटोबाट उत्खनन् स्थल तर्फ सवारी साधन प्रवेश हुने सडकमार्ग तथा अन्य पूर्वाधार कुलो नहरको मुहान,संरचना नियमित मर्मत संभार र धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने।

७.८ कृषि कार्य वा अन्य निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका

सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् ।

७.९ नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथा सम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

७.१० नदीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधीको परिपालना सम्बन्धमा अनुगमन समितिले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने

७.११ उत्खनन् गरिएका पदार्थ गन्तव्य स्थल तर्फ लैजादा विद्यालय रहेको गाउँबस्तीको बाटो प्रयोग गर्ने पर्ने भएमा उक्त बाटोहरुमा विहान ९:३०-१०:०० बजे सम्म र दिउँसो ४:००-४:३० बजे सम्म ढुवानीका साधनहरु नचलाउने ।

८. उत्खनन् परिमाण नियन्त्रण विधिः उत्खनन् गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन देहाय वमोजिम गर्नु पर्ने छ ।

८.१ गाउँपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन् आदेश दिनु पुर्व प्राविधिक नाप जाँच तथा रेखाङ्कनका आधारमा पहिलो पटक उत्खनन् लाईन दिने ।

८.२ यस वमोजिम उत्खनन् भई निकासी भएको स्थलमा कम्तीमा १५ दिनको १ पटक गाउँपालिकाले अनुगमन गर्ने ।

८.३ दैनिक उत्खनन् गरिएको नदीजन्य पदार्थको अनुसूची २ वमोजिमको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्ने ।

८.४ अनुसूची-४ वमोजिमको ढाँचामा दैनिक उत्खनन् तेरिज तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले सो को अभिलेख राख्ने ।

९. अनुगमन सम्बन्धि व्यवस्थाः IEE प्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरुको अनुगमन गर्न देहाय वमोजिमको अनुगमन संयन्त्र परिचालन गर्नु पर्ने ।

९.१ प्रमुख जिल्ला अधिकारी संयोजक रहेको नेपाल सरकारद्वारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

९.२ नदीजन्य पदार्थको उत्खनन् तथा ओसार पसारको कार्य प्रारम्भ भै सके पछि यस कार्यविधि वमोजिम भए नभएको नियमित अनुगमन गर्न गाउँ कार्यपालिकाको कार्यालयले गाउँ स्तरीय अनुगमन समिति (अनुसूची-६) लाई जिम्मेवारी तोक्न सक्नेछ ।

९.३ प्रहरीद्वारा अनुगमनः उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन/संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण

जस्ता कार्यको नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट जुनसुकै बेला अनुगमन गर्न सक्ने गरी परिचालन गर्ने ।

९.४ गाउँपालिकाद्वारा अनुगमनः उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न गाउँपालिकाले सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गर्न सक्ने ।

९.५ अनुगमनको कार्यसूचीः माथि उल्लेखित अनुगमन व्यवस्था अनुसार नदीजन्य पदार्थको उत्खनन् तथा ओसार पसारका लागि प्रचलित कानुन व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधिमा गरिएको प्रावधानहरुको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन् नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन् नियन्त्रण, नदीजन्य पदार्थको राजश्व चोरी गरी हुन सक्ने ओसार पसार, अनुमति बेगर भारी यान्त्रीक औजारको प्रयोग गरी गरिने उत्खनन् लगायतका विषयमा अनुगमन गरी शर्त उल्लंघन गर्ने उपर कारवाही गर्न गाउँपालिकाको कार्यालयमा प्रतिवेदन दिन सक्ने ।

९.६ अनुगमन कार्यमा लाग्ने खर्चको लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्ने ।

९.७ अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व चोरी गरी उत्खनन/संकलन तथा ओसार पसार गरेको पाईएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई आ.व.०७५/०७६ सम्म जिल्ला समन्वय समिति र त्यस उप्रान्त प्रदेश कानुन वा गाउँपालिकाको निर्णय वमोजिम जरिवाना गरिने छ ।

९.८ माथि ९.७ वमोजिम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्ने ।

१०. विविधः

१०.१ नदीजन्य पदार्थ उत्खनन् गरिने स्थलमा अनुसूची-४ वमोजिमको सूचना वोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

१०.२ यो कार्यविधिलाई गाउँपालिकाले आवश्यकता वमोजिम बेला बेलामा संशोधन गरी लागु गर्न सक्ने ।

१०.३ यस कार्यविधिमा उल्लेखित प्रावधानहरु यसै वमोजिम हुने छन, त्यसमा उल्लेखित प्रावधानहरु कुनै ऐन, नियमावली तथा गण्डकी प्रदेश उद्धोग पर्यटन,वन तथा वातावरण मन्त्रालयको ढुङ्गा, गिटी, बालुवा, उत्खनन, सङ्कलन, क्रसिङ् र बिक्री बितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाइ व्यवस्थित गर्ने कार्यविधि, २०७५ को प्रावधानसँग बाझिएमा बाझिएको हद सम्म ऐन, नियमावली र प्रदेश मन्त्रालयको कार्यविधि वमोजिम हुने छन् । यस कार्यविधिमा नपरेका कुराहरु

सम्धन्धित ऐन, नियमावली र कार्यविधि वमोजिम हुने छन् ।

१०.४ यस कार्यविधिका प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ ।

अनुसूची-१

हुप्सेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (बर्दघाट(सुस्ता पूर्व)

पटके नदी प्रवेश आदेश

(दफा ६ को उपदफा ६.७ अनुसार)

हुप्सेकोट गाउँपालिकाको ..... खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाटको भएको नदीको नामः समयः

नदी प्रवेश आदेश मितिः प्रवेश आदेश नः

नदी प्रवेश आदेश विवरण

१. नदीजन्य पदार्थ ओसार पसार गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन नं.

२. ओसार पसार नदीजन्य पदार्थको नामः

३. नदीजन्य पदार्थ ढुवानी गरी लैजाने साधनको नामः सवारी दर्ता नं.

४. निकासी गरी लैजाने नदीजन्य पदार्थको परिमाणः घनफुटः

५. ओसार पसार गरी लैजाने स्थानः

६. निकासी गरी लैजाने नदीजन्य पदार्थको प्रयोजनः

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण (ख) सार्वजनिक निर्माण (ग) प्रशोधन पछि बिक्री

नोटः यो आदेश विना सवारी साधन नदीमा प्रवेश गर्न, नदीजन्य पदार्थको ओसार पसार गर्न र नदीजन्य पदार्थ संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा गाउँपालिकाको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलित कानुन वमोजिम सजाय समेत हुने छ ।

प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधीको नाम थरः

सहिः

अनुसूची-२

हुप्सेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

उत्खनन्कर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख

(दफा ६ को उपदफा ६.८ अनुसार)

हुप्सेकोट गाउँपालिकाको ..... खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाट भएको नदीको नामः

उत्खनन् गरिएको नाका वा घाटको नामः

सि.नं.	उत्खनन् गरिएको मिति	उत्खनन् गरिएको परिमाण	उत्खनन्कर्ताको प्रतिनिधिको द.ख.	अनुगमनकर्ताको दस्तखत

अनुसूची-३

हुप्सेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

उत्खनन् स्थलमा राख्नु पर्ने सूचना बोर्डको नमुना

(दफा ६ को उपदफा ६.१५ अनुसार)

(हुप्सेकोट गाउँपालिकाको ..... खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थलमा सार्वजनिक जानकारीका लागि राखिएको)

नदीजन्य पदार्थ उत्खनन् गरिने स्थल

उत्खनन् विवरणः

१. नदीको नामः

२. घाटको नामः

३. उत्खनन् गरिने परिमाण घ.फु. माः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः
५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः
६. उत्खनन् गर्ने अवधिः मिति २०..../...../.....गतेबाट उल्लेखित परिमाण निकालुञ्जेल वा २०७.....साल ..... भित्र मध्ये जुन पहिला हुन्छ ।

नोटः कुनै शिकायत, गुनासो वा थप जानकारीका लागि हुप्सेकोट गाउँपालिका झ्यालबास, प्रमुख प्रशासकीय अधिकृतको मोवाईल नं. ९८५७०८७३०२ मा सम्पर्क गर्नु हुन ।

अनुसूची-४
हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
(दफा ७ को उपदफा ७.२ अनुसार)

हुप्सेकोट गाउँपालिकाको ..... खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाटमा भएको नदीको नामः

नाका वा घाटको नामः

सि.नं.	निकासी मिति	पटके विक्री आदेश नं.	पटके विक्री भएको परिमाण	पटके विक्री बाकी भएको पदार्थ लैजाने सवारी नं.	कैफियत

नोटः यो फारम उत्खनन् स्थलबाट व्यवसायीले पटकै पिच्छे भरी दैनिक पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

अनुसूची-५
हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (बर्दघाट(सुस्ता पूर्व)
प्राकृतिक श्रोत तथा साधन संरक्षण कार्यदल

गाउँपालिका अध्यक्ष, हुप्सेकोट गाउँपालिका	संयोजक
गाउँपालिका उपाध्यक्ष, हुप्सेकोट गाउँपालिका	सदस्य
प्रमुख प्रशासकीय अधिकृत, हुप्सेकोट गाउँपालिका	सदस्य
गाउँ स्तरीय राजनितिक दलका प्रमुख	सदस्य
संयोजक,प्राकृतिक श्रोत व्यवस्थापन समिति,हुप्सेकोट गाउँ कार्यपालिका	सदस्य
प्रतिनिधि, सम्बन्धित ईलाका वन कार्यालय	सदस्य
प्रतिनिधि, सशस्त्र प्रहरी बल बेस क्याम्प चोरमारा	सदस्य
प्रतिनिधि, स्थानीय नेपाल प्रहरी चौकी	सदस्य
सम्बन्धित विषय हेर्ने गाउँपालिकाको शाखा प्रमुख	सदस्य-सचिव

अनुसूची-६
हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
गाउँपालिका स्तरीय अनुगमन समिति
(दफा ९ को उपदफा ९.४ अनुसार)

गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत	संयोजक
स्थानीय ईलाका वन कार्यालयको प्रमुख	सदस्य
स्थानीय वन उपभोक्ता समितिको अध्यक्ष	सदस्य
स्थानीय कुलोर नहर व्यवस्थापन समितिको अध्यक्ष	सदस्य
स्थानीय ईलाका प्रहरी कार्यालयको प्रमुख	सदस्य
नदीजन्य पदार्थको उत्खनन् भएको वडाका वडा अध्यक्ष	सदस्य
सम्बन्धित विषय हेर्ने गाउँपालिकाको शाखा प्रमुख	सदस्य-सचिव

आज्ञाले
हरि पंगेनी
प्रमुख प्रशासकीय अधिकृत